Academic View

# समसामयिक नेपाली कवितामा भाषिक विचलन

**तुलसीप्रसाद गौतम**
*नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
**Email:** gautamtulsi1@gmail.com

## शोधसार

*प्रस्तुत लेख समसामयिक नेपाली कवितामा भाषिक विचलनसम्बन्धी अध्ययनमा केन्द्रित छ । यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसमा विश्लेषणका लागि छनोट गरिएका कवितालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने विचलनको सिद्धान्तसँग सम्बन्धित पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा नेपाली कवितामा विचलनको प्रयोग के-कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दा कोशीय विचलन, व्याकरणिक विचलन, वर्ण विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन र लेखिमिक विचलनको उदाहरणसहित व्याख्या गरिएको छ । कवितामा भाषिक विचलनको विश्लेषण गर्दा यसमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यस अध्ययनबाट भाषिक विचलनको प्रयोगले समसामयिक नेपाली कविता आलङ्कारिक, वक्रोक्तिमय र प्रभावकारी बनेको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** *अग्रभूमीकरण, प्रयुक्ति विविधता, विचलन, समानान्तरता, शैली*

## विषयपरिचय

कविता भाषाको सबैभन्दा सुन्दर र शक्तिशाली प्रयोग हो । कवितामा व्यक्त भावलाई सुन्दर र शक्तिशाली बनाउने तत्त्व शिल्प हो । शिल्प कविताको सौन्दर्य वा कलात्मक पक्ष हो । भाषिक विचलन त्यस्तै एउटा शिल्प पक्ष हो । विचलन शैलीविज्ञानबाट विकसित अङ्ग्रेजी 'डेभिएसन' शब्दको नेपाली रूपान्तर हो । प्रत्येक भाषाको आफ्नो निश्चित नियम अथवा व्याकरण व्यवस्था हुन्छ । दैनिक व्यवहारमा आउने भाषा आफ्नो नियम वा व्यवस्थामा बाँधिएको हुन्छ । नियम वा व्यवस्थामा बाँधिएको भाषा त्यस भाषाको मानक हुन्छ भने मानकको अतिक्रमण विचलन हो । अर्थात् भाषाको नियमभन्दा फरक ढङ्गले गरिएको प्रयोग विचलन हो र यही विचलनले साहित्यमा शैलीको निर्माण गर्दछ । यसको तात्पर्य भाषाको सामान्य नियमविपरीत कवितामा अग्रभूमीकरण, अतिशयोक्ति र वक्रोक्तिका रूपमा नयाँ र नौलो तरिकाले प्रयोग गर्नु विचलन हो । मानक भाषाको अतिक्रमणबिना काव्य वा कविताको सिर्जना नै हुँदैन तर मानकको अतिक्रमण गरेर विशिष्ट तुल्याइएको भाषा सार्थक चाहिँ हुनुपर्छ । विचलनका नाममा गरिने निरर्थक प्रयोगले भाषालाई विकृत तुल्याउने बाहेक केही गर्दैन । त्यसैले विचलनको प्रयोग सचेततापूर्वक गरिनुपर्छ । कवितामा सामान्य भाषा पृष्ठभूमिका रूपमा रहन्छ र त्यही पृष्ठभूमिमा गरिएको सार्थक विचलनले भाषालाई काव्यात्मक बनाउँछ । मानकको विचलन साहित्यमा मात्र होइन, पत्रकारिता, विज्ञापन र दैनिक प्रयोगको भाषामा पनि हुन्छ तर त्यहाँ त्यो काव्यात्मक रूपमा नभएर सङ्केतात्मक रूपमा मात्र रहन्छ ।

समसामयिक नेपाली कविताका बारेमा विभिन्न दृष्टिकोणबाट अध्ययन भए तापनि विचलनको सिद्धान्तका आधारमा त्यति भएको पाइँदैन । त्यसैले समसामयिक नेपाली कवितामा भाषिक विचलनको खोजी गर्नु यस शोधकार्यको मूल समस्या हो । उक्त समस्याको समाधान गर्नु नै यस शोधलेखको उद्देश्य हो ।

## शोधविधि

प्रस्तुत शोधकार्य समसामयिक नेपाली कवितामा भाषिक विचलन के-कसरी भएको छ भन्ने कुराको अध्ययनमा केन्द्रित रहेको हुँदा सङ्कलित कविताका उद्धृत अंशहरूलाई आधार सामग्रीका रूपमा र विचलनका बारेमा लेखिएका समालोचनात्मक पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । विश्लेषणका लागि छनोट गरिएका कविताहरूको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । यसमा निगमनात्मक विधि अवलम्बन गरिएको छ भने विचलनको प्रयोग हेर्दा विश्लेषणात्मक विधि अपनाइएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रवृत्तिको भएको हुनाले यसमा सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यतः वर्णनात्मक र विश्लेषणात्मक विधि अँगालिएको छ । यसमा कोशीय विचलन, व्याकरणिक विचलन, वर्णविचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्तिगत विचलन आदि युक्तिहरूलाई सैद्धान्तिक आधार बनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

विचलन शैलीविज्ञानमा प्रचलित पारिभाषिक शब्द हो । यसलाई अङ्ग्रेजीमा डेभिएसन भनिन्छ । शैलीविज्ञानमा विचलनलाई मानकको अतिक्रमण मानिन्छ । कुनै भाषाको व्याकरणसम्मत नियम मानक हो भने मानकको उल्लङ्घन विचलन हो । विचलनको सैद्धान्तिक आधार ससुरको लाङ (भाषा) र प्यारोल (वाक्) मा आधारित छ । ससुरका अनुसार भाषा भनेको सिङ्गो संरचना वा व्यवस्था हो भने वाक् भनेको त्यस संरचना वा व्यवस्थाअन्तर्गत प्रत्येक व्यक्तिद्वारा प्रयोगमा ल्याइने बोली हो । भाषा एक प्रकारको रूप, संरचना वा व्यवस्था हो । भाषा सबैको साझे हुने हुनाले यो सामाजिक हुन्छ । सामाजिक संस्थाका रूपमा रहेको भाषा सङ्केतहरूको व्यवस्था हो । भाषामा निश्चित नियमहरू हुन्छन् । ती नियम अथवा सङ्केत व्यवस्था त्यस भाषा बोल्ने भाषिक समाजले स्वीकार गरेको हुनुपर्छ । व्यवस्थाबाहिर भाषिक सङ्केतहरूको कुनै अर्थ हुँदैन । सङ्केतकहरू एकअर्कासँग पृथक हुन्छन् । त्यसैले प्रत्येक सङ्केतकको आआफ्नो महत्त्व हुन्छ (बास्किन, सन् २०११, पृ. ७-१५) । उनी भन्छन्- भाषा सिङ्गो संरचना वा व्यवस्था भएको हुनाले अस्पृश्य र अमूर्त हुन्छ । व्यक्तिबोली चाहिँ व्यवस्थाको छुट्टै अंश भएकाले मूर्त हुन्छ । अर्थात् प्रत्येक व्यक्ति आआफ्नो क्षेत्र, जाति, समुदाय, लिङ्ग, उमेर र शिक्षाका साथै संस्कारबाट पृथक हुने भएकाले व्यक्तिबोली विषम हुन्छ र मूर्त रूपमा देखा पर्छ (बास्किन, सन् २०११, पृ. ७-१५) । नोम चम्स्कीले यसैलाई सामर्थ्य (कम्पिटेन्स) र प्रतिपादन (एक्सप्यानसन) भनेका छन् (कलर, सन् १९८६, पृ. ९) । यसबाट के स्पष्ट हुन्छ भने लाङ र सामर्थ्य मानक हो भने प्यारोल र प्रतिपादन विचलन हो । विचलनकै कारण साहित्यिक भाषा सौन्दर्यपूर्ण बन्छ ।

यान मुकारोभस्कीले भाषालाई मानक र विचलन गरी दुई भागमा विभाजन गर्दै काव्यभाषा सामान्यभन्दा भिन्न जानाजान बङ्ग्याइएको विचलित रूप हुने बताएका छन् । कवितामा देखा पर्ने यस्तो भाषा बोलचालकै पृष्ठभूमिमा अग्रभूमीकरणद्वारा निर्माण हुने यिनको भनाइ छ । यिनले सामान्य भाषा यान्त्रिक हुन्छ भने काव्यभाषा अग्रभूमीकरणका कारणले अयान्त्रिक हुन्छ । अग्रभूमीकरणले दैनिक व्यवहारमा यान्त्रिक बनेका शब्दहरूलाई नवीन ढङ्गले प्रस्तुत गर्छ र हामीलाई त्यो पढ्दा मनमोहक लाग्दछ भनेका छन् (एडम्स, सन् १९९२, पृ. ९७६-९८२) ।

जियोफ्रे एन. लिचले भाषिक विचलनलाई अग्रभूमीकरणको सामान्य सिद्धान्त मान्दै फोटोग्राफी प्रकृतिको हुबहु नक्कल हो भने चित्रकला प्रकृतिको हुबहु नक्कल मात्र नभएर मानकका विपरीत विचलन हो भनेका छन् (लिच, सन् १९९६, पृ. ५६-५७) । उदाहरणका लागि चित्रकला प्रकृतिको मानकका विपरीत विचलन भए जस्तै भाषिक क्षेत्रमा देखिने विचलन अग्रभूमीकरण हो । यस्तो अग्रभूमीकरणको ज्वलन्त उदाहरण कविता हो । कवितामा सामान्य भाषा पृष्ठभूमि बन्छ भने भाषिक विचलन चाहिँ अग्रभूमीकरण बन्छ ।

रोमन याकोब्सनका अनुसार भाषाको काव्यात्मक प्रकार्य कवितामा अन्य प्रकार्यभन्दा माथि उठेको हुन्छ तर यसलाई कसरी मापन गर्ने ? यस विषयमा उनले चयन-संयोजन र रूपक-लक्षणाको द्विचरविरोधी सिद्धान्त प्रस्तुत गरेका छन् । यसमा उनले समग्र वाचाघात रोगीहरूलाई दुई भागमा विभाजन गर्दै पहिलो प्रकारको वाचाघातको रोगीले अधिभाषिक परिचालन गर्न नसक्ने हुँदा समानता छुटयाउन नसक्ने र दोस्रो प्रकारको रोगीले भाषिक एकाइहरूको क्रम मिलाउन नसक्ने हुँदा निरन्तरताको सम्बन्ध छुटयाउन नसक्ने बताउँदै पहिलो प्रकारको समानताको क्रमभङ्गलाई रूपक र दोस्रो प्रकारको निरन्तरताको क्रमभङ्गलाई लक्षणा भनेका छन् । उनका अनुसार भाषाको काव्यात्मक प्रकार्यले समानताको सिद्धान्तलाई चयनका अक्षबाट झिकेर लगी संयोजनका अक्षमा मिलाउँछ । साहित्यमा चयन-संयोजनको यो प्रक्रिया सामान्य नभएर विशिष्ट हुन्छ । चयन विकल्पक्रमी अक्षमा क्रियाशील हुन्छ भने संयोजन विन्यासक्रमी अक्षमा क्रियाशील हुन्छ । चयन समानता, असमानता, पर्यायमूलकता, विपरीतार्थकतामा आधारित हुन्छ भने संयोजन अनुक्रमको रचना गर्दै सामिप्य, सान्निध्यका आधारमा प्रस्तुत हुन्छ (लज, सन् १९८८, पृ. ५७-६१) ।

## संस्कृत काव्यशास्त्रमा विचलन

संस्कृत काव्यशास्त्रमा विचलनको गहन अध्ययन पाइन्छ । संस्कृत काव्यशास्त्रीहरूले काव्यभाषालाई अतिशयोक्ति र वक्रोक्तिका रूपमा हेरेका छन् । भामहका अनुसार सामान्य शब्दार्थ त केवल वार्ता हुन्छ । सूर्य अस्ताए, चन्द्रमा चम्कन्छ, पक्षी आफ्नो बासस्थान फर्कन्छन् जस्ता कथन सामान्य वार्ता मात्र हुन् । वार्ता (शब्दार्थ) मात्रले साहित्य बन्ने क्षमता राख्दैन (भामह, सन् २००८, पृ. ७०) । उनको भनाइ छ- लोकातिक्रान्तगोचरं वचन नै अतिशय उक्ति हो र यो अतिशय उक्ति नै काव्यको रमणीयता वा अलङ्कार हो (भामह, सन् २००८, पृ. ६९) । भामहले भनेको यो अलङ्कार वक्रोक्ति हो जसले सामान्य कथन वा वार्ताबाट काव्यलाई अलग र विशिष्ट बनाउँछ । भामहले जुन अतिशयोक्तिलाई वक्रोक्ति एवं 'लोकातिक्रान्तगोचरं वचन' भनेर परिभाषित गरेका थिए त्यसको चरम विकास कुन्तकको वक्रोक्ति सिद्धान्तमा भएको छ । कुन्तकका अनुसार काव्य शब्द र अर्थको समन्वित सम्बन्धमा आधारित हुन्छ तर सामान्य अभिधाको जुन अतिक्रमणका कारण काव्यभाषा विशिष्ट हुन्छ, त्यो वैदग्ध्यभङ्गीभणिति हुन्छ । उनी भन्छन्- शब्द र अर्थ दुवै अलङ्कार्य हुन्छन् । चतुरतापूर्ण शैलीमा भनिएको कथनरूप वक्रोक्ति ती दुवै शब्द र अर्थका अलङ्कार हुन्छन् (कुन्तक, सन् १९५५, पृ. ५१) ।

## छलफल र निष्कर्ष

## समसामयिक नेपाली कवितामा भाषिक विचलन

विचलन भाषाका वर्ण, रूप, अर्थ, व्याकरण आदि क्षेत्रमा हुने भएकाले यसका प्रकार पनि अनेक हुन्छन् । जियोफ्रे एन. लिचका अनुसार कोशीय, व्याकरणात्मक, वर्णात्मक, लिपिगत, आर्थी, भाषिकागत, प्रयुक्तिगत, ऐतिहासिक अवधिगत आदि विचलनका मुख्य प्रकार हुन् (लिच, सन् १९९६, पृ. ४२-५२) । यस शोधकार्यमा समसामयिक नेपाली कवितामा प्राप्त कोशीय विचलन, व्याकरणिक विचलन, वर्ण विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन, लेखिमिक विचलन आदिको उदाहरणसहित अध्ययन गरिएको छ । यसमा

समसामयिक नेपाली कवितामा भाषिक विचलन हेर्दा अविनाश श्रेष्ठ, उपेन्द्र सुब्बा, किशोर पहाडी, गीता कार्की, गुमानसिंह चाम्लिङ, जीवन थिङ, तोया गुरुङ, दिनेश अधिकारी, नरेश शाक्य, प्रगति राई, बेञ्जु शर्मा, बैरागी काइँला, विश्वविमोहन श्रेष्ठ, समदर्शी काइँला, हरिभक्त कटवाल, हर्ष सुब्बा आदि कविहरूका कविताका आधारमा हेरिएको छ ।

## कोशीय विचलन

कुनै भाषामा प्रचलित शब्दभन्दा भिन्न, नयाँ प्रयोगलाई कोशीय विचलन भनिन्छ । समसामयिक नेपाली कवितामा कोशीय विचलन हेर्दा प्रचलित शब्दमा अप्रचलित उपसर्ग वा प्रत्यय जोड्ने, नयाँ शब्द निर्माण गर्ने आगन्तुक शब्दको प्रयोग गर्ने, ठेट र झर्रा शब्दको प्रयोग गर्ने जस्ता प्रवृत्ति पाइन्छन्, जस्तै-

(अ) अहिले,
अर्को घाम झुल्किने प्रहर चलेको छ
कलमहरू हतियार भएका छन्
जिमेभूमिमा आफू उभिन
तायामा-खियामा विचार भएका छन्
हेत्छाकुप्पाहरू बारुद भएका छन्
एकदम बारुदको कविता भएका छन् ।
(प्रगति राई, आधा कथा)

प्रगति राईको यस कवितांशमा रेखाङ्कित गरिएका 'घाम', 'हतियार', 'विचार', 'बारुद', 'कविता' आदि शब्दहरूले कोशीय विचलनको उदाहरण प्रस्तुत गरेका छन् । यसमा 'घाम' शब्दले आकाशमा देखिने सूर्यलाई नबुझाई अर्को नयाँ राजनीतिक व्यवस्थातर्फ सङ्केत गरेको छ भने 'हतियार' शब्दले कविहरूका कलमबाट सिर्जित कवितामा व्यक्त विचारतर्फ सङ्केत गरेको छ । 'तायामा-खियामा विचार भएका छन्' भन्नुको तात्पर्य राई किराँतीहरूका पुर्खा चेलीहरू दिदी तायामा र बहिनी खियामा (जो तान बुन्ने कलामा सिपालु थिए) तिनीहरू प्रेरणाको स्रोत बनेका छन् भन्ने हुन्छ । हेत्छाकुप्पाहरू बारुद भएका छन् भन्नुको तात्पर्य हेत्छाकुप्पाका सन्ततिहरू केन्द्रीकृत शासनका विरुद्ध बारुदझैँ पड्किन तयार छन् भन्ने हुन्छ । बारुदको कविता भन्नुको अर्थ कविताले बारुदको काम गर्नु हो । यसरी यी शब्दहरूको प्रयोग मानकका विपरीत असामान्य रूपमा प्रयोग भई तिनले कवितामा भाषिक सौन्दर्य निर्माण गरेका छन् ।

(आ) थकाइ छ, सुस्केरा छन्, मोह छन्, विरक्ति छ
प्रत्येक अनुहारको नेपथ्यमा/जहाँ सूर्य
हुनुपर्थ्यो त्यहाँ तिर्खा छ, व्याकुलता छ
सहरमाथिको आकाशमा ।
(अविनाश श्रेष्ठ, जिजीविषा)

अविनाश श्रेष्ठको यस कवितांशमा सूर्य, तिर्खा, व्याकुलता, आकाश आदि शब्दहरूको प्रयोगमा कोशीय विचलन देखा परेको छ । कोशीय अर्थमा 'सूर्य' शब्दले नौ ओटा ग्रहमध्येको पहिलो ग्रहलाई बुझाउँछ । यस कवितामा भने 'सूर्य' शब्दले मानिसको अनुहारमा झल्कने खुसीतर्फ सङ्केत गरेको छ । 'जहाँ सूर्य हुनुपर्थ्यो त्यहाँ तिर्खा र व्याकुलता छ' भन्नुको तात्पर्य मानिसको जीवनमा जहाँ खुसी छाउनु पर्थ्यो त्यहाँ तिर्खा र व्याकुलता छ

भन्ने भाव यसमा व्यक्त गरिएको छ । त्यसैगरी 'आकाश' शब्दले कोशीय अर्थमा पृथ्वीबाट खुला र निलो देखिने अपार शून्य स्थान वा अन्तरिक्षलाई बुझ्भाउँछ भने यस कवितामा चाहिँ सहरको परिवेशतर्फ सङ्केत गरिरहेको छ। यसरी यी शब्दहरू कवितामा कोशीय विचलनका रूपमा प्रयोग भएका छन् ।

(इ) भित्रभित्रै अनेकन कीराहरू
करङ करङ अनेकन हाँगाहरू टेकेर
गिदीसम्म बिथुलाउन
जीवन हुस्स कण-कण आकाशमा ।
(तोया गुरुङ- बादल)

यस कविताांशमा प्रयुक्त 'बिथुलाउन' र 'करङ' शब्दहरूले कोशीय विचलन गरी अभिव्यक्तिलाई प्रभावकारी बनाएको पाइन्छ। यसमा जीवन सजिलै बित्नुपर्नेमा अनेकन किरारूपी समस्याहरू अनेकन हाँगा टेकेर बिथोल्न वा भाँड्न आउँछन् भन्ने भाव व्यक्त गरिएको छ। त्यसैगरी करङ शब्दले मानिसको ढाडमा रहेको अस्थिप्रणालीलाई बुझ्भाउनुपर्नेमा करङ जस्ता हाँगाहरू भन्ने अर्थ बुझ्भाएको हुँदा कोशीय विचलन भएको छ ।

(ई) आफ्नाबाटै बिरानिएकी मेरी आमा
कैयौँ कथाको पत्रे चट्टानमाथि
संवेदनाको देश खोज्दै
नामन्त, ओखे र कटुँजेका
निर्वाङ्ग बाटाहरू
र शैलुङको घना जङ्गल छिचोल्दै थिइन्...
पैतालाका डोबहरू सर्दै थिए
अज्ञात क्षितिजतिर...
(गीता कार्की- दृश्यान्तमा पहाड उभिन्छन्)

गीता कार्कीको यस कविताांशमा प्रयुक्त बिरानिएकी, पत्रे चट्टान, संवेदना, क्षितिज आदि शब्दहरू कोशीय विचलनका रूपमा प्रयोग भएका छन् । बिरानिएकी शब्दले 'बिरानो भएकी' भन्ने अर्थका विपरीत आफ्नाबाट अपहेलना गरिएकी भन्ने अर्थ दिएको छ 'पत्रे चट्टान' पदावलीले पृथ्वीको सतहमा एकै ठाउँमा जम्मा हुने विभिन्न चट्टान, खनिज, जीवाश्म र रसायन आदि मिलेर बनेको चट्टानलाई बुझ्भाउनुपर्नेमा त्यसविपरीत पत्रे चट्टान जस्तै दबिएका एउटी आमाको जीवनका आरोह-अवरोहहरूलाई बुझ्भाएको छ । यसमा स्वयं आफूलाई जन्म दिने, पालनपोषण गर्ने आमालाई आफ्नैहरूले पहिले कहिल्यै नदेखेको, नचिनेको जस्तो व्यवहार गरी अपहेलना गरेको हुनाले ती आमा अज्ञात क्षितिजतिर हिँडिरहेको भावुक दृश्य प्रस्तुत गरिएको छ। त्यसैगरी 'क्षितिज' शब्दले पृथ्वी र आकाश जोडिएको देखिने ठाउँलाई बुझ्भाउनुपर्नेमा आमाको अज्ञात गन्तव्यतर्फ सङ्केत गरिरहेको छ ।

(उ) अक्षरहरू त बीउ हुन्, तिमी यिनलाई छर !
कोदालीले धरतीको पाना सम्याउनु परे
आफ्ना दुई पाखुरा र दशनङ्ग्रा म दिन्छु
अक्षरहरू त बीउ हुन्, तिमी यिनलाई छर !
बीउहरू त अक्षर हुन्, तिमी यिनलाई लेख !
बीउहरू त अक्षर हुन्, तिमी यिनलाई पढ !
(तुलसी दिवस, अक्षर)

यस कवितांशमा रेखाङ्कित गरिएका 'अक्षर, बिउ, छर, पाना' जस्ता शब्दहरू कोशीय विचलनका रूपमा प्रयोग भएका छन् । यी शब्दहरूले मानकका विपरीत नयाँ ढङ्गमा प्रयोग भई अभिव्यक्तिलाई प्रभावकारी बनाएका छन् । यसमा 'अक्षर' शब्दले खाली कागजमा लेखिएका निरर्थक अक्षरहरूका विपरीत सार्थक विचारलाई बुझाएको छ । त्यसैगरी 'बिउ' शब्दले खेतबारीमा रोप्ने/छर्ने धान, मकै, गहुँ आदि अन्नको बिउ नबुझाएर अक्षरमा लिपिबद्ध सार्थक विचारलाई बुझाएको छ । 'छर' शब्दले गहुँ, मकै आदि बिउ छर्नु भन्ने कोशीय अर्थका विपरीत विचार सम्प्रेषण गर्नुलाई बुझाएको छ । त्यसैगरी 'पाना' शब्दले खाली कागज वा कापीको पाना नबुझाएर माटो भन्ने अर्थ प्रदान गरेको हुँदा कोशीय विचलन भएको छ ।

## व्याकरणिक विचलन

सामान्य भाषामा लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष आदि व्याकरणात्मक कोटी; वर्ण, रूप, पदसमूह, वाक्य आदि भाषिक एकाइ; नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय आदि पदवर्ग; कर्ता, कर्म, क्रियाको पदक्रम र आदर आदिमा जुन नियम हुन्छ, त्यसविपरीतको प्रयोग व्याकरणिक विचलन हो । साहित्यका आख्यान र कवितामध्ये कवितामा बढी विचलन हुन्छ । समसामयिक नेपाली कवितामा निम्नानुसार **व्याकरणगत** विचलनहरू पाइन्छन् :

(अ) बागमती बिचरी
नितान्त निरीहा निर्वस्त्रा र नाङ्गीजस्तै बनेकी छ ।
(वानिरा गिरी-पशु गायत्री)

नेपाली व्याकरणमा नदीलाई पुलिङ्गका रूपमा प्रयोग गर्ने चलन छ । यस कवितांशमा एउटी निरीह नारी जसरी निर्वस्त्र र नाङ्गी जस्तै हुन्छे, त्यसरी नै बागमती नदी पनि पानीबिना र फोहोरका कारण निर्वस्त्र र नाङ्गी बनेकी छे भन्ने भाव व्यक्त गरी स्त्रीलिङ्गको रूप प्रदान गरिएको छ । यसरी पुलिङ्गलाई स्त्रीलिङ्गको रूप प्रदान गरेर नै यसमा बागमतीको यथार्थ रूप देखाउन सकिएको छ ।

(आ) अचेल मलाई मेरै सपनाहरूले लखेट्छ
अचेल मलाई मेरै सपनाहरूले ठुङ्छ ।
(नरेश शाक्य-सपनाहरूले लखेट्दा)

यस कवितांशमा वचन अर्थात् सङ्ख्याको विचलन गरिएको छ । यसमा पहिलो पङ्क्तिमा 'सपनाहरूले लखेट्छ', र दोस्रो पङ्क्तिमा 'सपनाहरूले ठुङ्छ' भनिएको हुँदा वचनगत विचलन भएको हो । बहुवचन नामका लागि एक वचन क्रियापदको प्रयोगले भावलाई आफूमा केन्द्रीकृत गर्न मदत गरेको छ ।

(इ) कहिले मतिर कहिले आफैंतिर हेरेर
साले दुबसु क्षेत्री
किच्च हाँस्छ
(दुबसु क्षेत्री- साले दुबसु क्षेत्री)

यस कवितांशमा आदरगत विचलन गरिएको छ । यसमा कवि जस्तो सम्मानित व्यक्तिलाई 'साले' विशेषण र 'हाँस्छ' जस्तो अनादर क्रियापद प्रयोग गरी आदरमा विचलन गरिएको छ । कविहरूलाई गरिने अपहेलनाप्रति व्यङ्ग्य गर्नका लागि आदरमा यस्तो विचलन गरिएको हो ।

(ई) सुन्दै छु,
फेरि कसैले जङ्गल पस्ने कुरा गर्दै छ ।
म मातेको छैन भने
बुझ्छु म उसको भाषा
बुझ्छु म उसको भाव
बुझ्छु म उसको दुःख ।
अहिले यो उज्यालो भइसकेको सहर
वा मान्छेहरूले जितिसकेको गाउँ र बस्तीहरू
उसका लागि निर्जन हुनेछ ।
(प्रगति राई, जङ्गल)

यस कवितांशमा पदक्रमको विचलन गरिएको छ । यसमा 'बुझ्छु' क्रियापद वाक्यको अन्त्यमा राखिनु पर्नेमा सुरुमा राखिएको छ । 'बुझ्छु' शब्दले फेरि जङ्गल पस्छु भन्नेहरूको भाषा, भाव र दुःख बुझ्ने कुरा सङ्केतात्मक रूपमा प्रस्तुत गरी अभिव्यक्तिलाई विशिष्ट बनाइएको छ ।

## वर्ण विचलन

भाषामा वर्णको निश्चित रखाइक्रम हुन्छ । वर्णको मानक रखाइक्रमका विपरीतको लेखनलाई वर्ण विचलन भनिन्छ । वर्णको विचलनमा वर्णहरूको प्रयोग लेखिमिक नियमअनुसार नभएर नयाँ र नौलो ढङ्गमा प्रयोग गरिन्छ, जस्तै-

उभिन्छु :
चे
त
ना
सुत्छु : चे त ना
(राज माङ्लाक, अस्तित्वको हिरासत तोडेर : वर्तमान)

उपर्युक्त कवितांशमा 'चेतना' ठाडो र तेर्सो क्रममा राखिएको हुँदा वर्णगत विचलन भएको छ । यसले वर्णमा चमत्कार ल्याई भावलाई प्रभावकारी बनाइएको छ ।

## आर्थी विचलन

अर्थका तहमा गरिने विचलनलाई आर्थी विचलन भनिन्छ। प्रत्येक भाषाका शब्दहरूले एउटा अर्थ वहन गरेका हुन्छन्। शब्दकोशमा प्राप्त निश्चित र रूढ अर्थभन्दा भिन्नार्थमा कुनै शब्द प्रयोग भएमा जुन अर्थगत विचलन आउँछ, त्यसलाई आर्थी विचलन भनिन्छ, जस्तै-

जीवन,
चङ्गा भएर उड्न चाहन्छ
निर्बन्ध आकाशमा
तर धागो चुँडिँदा
दुःख हुँदो रहेछ ...
(गीता कार्की, चङ्गा)

जीवनको सामान्य अर्थ मानिसको व्यावहारिक जीवन भन्ने हुन्छ भने 'चङ्गा' शब्दको अर्थ कागजको टुक्रामा सिन्काको फ्रेम हाली हावामा उडाइने खेलौना भन्ने हुन्छ। यस कवितांशमा 'जीवन' शब्दले मानिसको मनलाई बुझाएको छ भने 'चङ्गा' शब्दले धागाको माध्यमबाट उडाइने खेलौना नबुझाएर चङ्गा जस्तै उड्न चाहने मानिसको इच्छा वा मनलाई बुझाएको हुँदा आर्थी विचलन भएको छ। धागोमा उनिएर आकाशमा उडाइने चङ्गाको विम्बद्वारा मानिसको मन पनि चङ्गा जस्तै उड्न चाहन्छ तर धागो चुँडिँदा चङ्गाले आफ्नो गन्तव्य हराएझैँ मानिसको जीवन पनि उन्मुक्त उडानको चाहनाले दुर्घटनामा पर्दो रहेछ भन्ने भाव व्यक्त गरिएको हुँदा यसमा आर्थी विचलन भएको हो।

## भाषिकागत विचलन

भाषिका भनेको भाषाको क्षेत्रगत वा सामाजिक भेद हो। क्षेत्र र सामाजिक भेदका आधारमा भाषिकाका विविध रूपहरू हुन्छन्। कवितामा मानकका विपरीत क्षेत्रगत वा सामाजिक भेदको प्रयोग हुनु भाषिकागत विचलन हो। भाषिकाको प्रयोगले कवितामा स्थानीय रङ र क्षेत्रीय विशिष्टता झल्काउने हुनाले कविहरू भाषिकाको प्रयोग गर्छन्। यस्तो प्रयोगले कवितालाई प्रभावकारी बनाउन मदत गर्छन्, जस्तै-

(अ) यम्बाहाङ
आसेबारो !
सेनवंशी
हाङसावाहरूले पनि राज गरे
तर टिकेनन् उनीहरू।
(हर्ष सुब्बा- विजयपुरको चर्चा)

यसमा नेपालीको पूर्वेली भाषिका प्रयोग गरी भाषिकागत विचलन गरिएको छ। यसमा प्रयोग भएका ' यम्बाहाङ र हाङसावा' शब्दहरू लिम्बू भाषामा प्रचलित शब्दहरू हुन्। 'यम्बाहाङ' शब्दले महाराजालाई बुझाउँछ भने 'हाङसावा' शब्दले राजाका विभिन्न सन्तानलाई बुझाउँछ। यस्ता शब्दको प्रयोगले स्थानीय रङ्ग प्रदान गरी कवितालाई नौलो बान्कीमा प्रस्तुत गरेको छ।

(आ) बाउले नपढेर दुःख पाए
मैले पढेर दुःख पाएँ ।
गाउँमा-
बाउ हलो जोतिरा' छन्
म सहरमा टाउको जोतिरहेछु ।
(उपेन्द्र सुब्बा- समान-अन्तर)

यस कवितांशमा 'बाउ, हलो, जोतिरा'छन्' आदि शब्दहरूको प्रयोगले गाउँले भाषालाई उजागर गरेको छ । यसले नेपालको पूर्वाञ्चलतिर बोलिने स्थानीय भाषिकालाई झल्काएको छ । यो एउटा भाषिकागत विचलन हो ।

(इ) यी दोबाटोमा मसित
हिँड्न आउने धेरै धेरै साथीहरू थिए
तर सबै पाइलाहरू खिइसकेका छन्
अब म एक्लै
एक्लै रहेका बातहरू
एक्लै भएका बातहरू सम्झेर बसेको छु ।
(जीवन थिङ, पहिलो बिहानी त यो होइन)

जीवन थिङको यस कवितांशमा 'बातहरू' शब्द प्रयोग गरिएको छ । 'बात' भन्ने शब्द दार्जिलिङ सिक्किमतिर बोलिने हिन्दी प्रभावको शब्द हो । यसले दार्जिलिङ र सिक्किमतिर बोलिने स्थानीय लबजलाई अगाडि ल्याई अभिव्यक्तिलाई प्रभावकारी र सौन्दर्यपूर्ण बनाएको छ ।

## प्रयुक्ति विचलन

कुनै एक विषयक्षेत्रमा एउटा अर्थमा हुने शब्द अर्कै विषयक्षेत्र र सन्दर्भमा भिन्न अर्थमा प्रयोग भएमा प्रयुक्तिगत विचलन हुन्छ । प्रयुत्तिगत विचलनले भाषाका शैलीगत भेदहरू देखा पर्छन् । प्रयुक्तिगत विचलनले भाषालाई विशिष्ट तुल्याउँछ र साहित्यिक रूप प्रदान गर्छ, जस्तै-

(अ) बैँसले मातेको साँढे गोरुजस्तै
यो मेरो हो ...
यो तेरो हो ...
ए मान्छे !
यो/त्यो
मेरा + मेरो + मेरो = कति ?
एकमुठी माटो ? थुक्क !
(उपेन्द्र सुब्बा- मान्छे)

यस कवितांशमा गणितमा प्रयोग हुने जोड, बराबर र प्रश्नचिह्नहरूका साथै भन्न केही बाँकी रहेको जनाउन तीन थोप्ला चिह्नको प्रयोग गरिएको छ । गणितमा प्रचलित यस्ता चिह्नहरूको प्रयोगले कवितालाई नयाँ रूप प्रदान गरी शैलीगत विशिष्टता प्रदान गरेको छ ।

(आ) म अमेजन उकालो बग्छु
क्वान्टम फिजिक्स र मेटाफिजिक्सबाट
जब म चोइटिन्छु
गेस्टाल्ड मनोविज्ञानबाट जब म छुट्टिइन्छु
गङ्गा निलो बग्छुले जब म निलिइन्छु
तमोर हरियो बग्छुले जब म बगिइन्छु

(समदर्शी काइँला, म अमेजन उकालो बग्छु)

यसमा विज्ञान क्षेत्रमा प्रयोग हुने क्वान्टम फिजिक्स, मेटाफिजिक्स, गेस्टाल्ड मनोविज्ञान जस्ता शब्दहरूको प्रयोगद्वारा प्रयुक्तिमा विचलन गरिएको छ । यसले कवितालाई बौद्धिक र प्रभावकारी बनाएको छ ।

## लेखिमिक विचलन

भाषाको लिखित रूपमा निश्चित लिपिचिह्नहरू प्रयोग गरिन्छन् । नेपाली भाषा लेख्दा देवनागरी लिपिमा बायाँबाट दायाँतर्फ डिकोमा क्रमशः लेखिन्छ । यसमा पदयोग र पदवियोग आदि निश्चित नियम पनि छन् । तिनै नियमविपरीत नयाँ ढङ्गमा लेखियो भने लेखिमिक विचलन आउँछ । कवितामा गरिएको सार्थक विचलनले भाषालाई सौन्दर्यपूर्ण बनाउने हुँदा कविहरू यसको प्रयोग गर्छन्, जस्तै-

(अ) हरे, आज पनि बियाड राखिएन !
हरे, जीवनबाट उम्कन असमर्थ छन् मानिस !
स्वतन्त्र, केवल स्वतन्त्र हुन मानिस असमर्थ छन्  !
झङ झङ
..............झङ..............
फर्केको छु- 'साबात' बाट निधार घिसारेर उरूक निवासी !
रित्तो हत्केला र छालाभरि मृत्युको डाम टाँचा मारेर ।
(वैरागी काइँला, अस्तित्वको दाबीमा साबातको बैला उत्सव)

यस कवितांशमा 'झङ' शब्दलाई बायाँबाट दायाँतर्फ क्रमशः लेखिनुपर्नेमा ठाडो र त्रिभुजाकारमा लेखिएको छ । यसबाट नेपालीको लेख्य परम्परामा विचलन आएको छ । यसले कवितालाई चित्रात्मक रूप दिई भावलाई लयात्मक र नयाँ ढङ्गले प्रस्तुत गरेको छ ।

(आ) टुक्रिँदै गइरहेछ
म ग्लानिले उद्वेलित भएर
रुन्छु
कराउँछु र
छट्पटाउँछु ।
(विश्वविमोहन श्रेष्ठ, उज्यालोको प्रतीक्षामा)

नेपाली नियमअनुसार क्रियापद वाक्यको अन्तिममा रहन्छ । यस कविताको लेखनमा 'रुन्छु' भन्ने क्रियापद दोस्रो पङ्क्ति वा वाक्यको अन्त्यमा नराखेर दोस्रो पङ्क्तिको ठिक मुनि राखिएको छ । यसले पदक्रममा विचलन गरी कवितामा लेखिमिक विचलन ल्याइएको छ ।

(इ) तिम्रो र मेरो प्रेम
एउटा पुरातन कथा जस्तो
उत्खननबाट निस्किएको सहरजस्तो
ढलेको
भत्केको
भाँचिएको
टुक्राटुक्रा
चूर्णचूर्ण भएको
एउटा भग्नावशेष जस्तो
(बेञ्जु शर्मा, तिम्रो र मेरो प्रेम)

नेपाली लेख्य परम्पराका अक्षरहरूको रखाइक्रम देब्रेबाट दाहिनेतर्फको हुन्छ । यसका विपरीत यसमा अन्तिमको हार मिलाएर लेखिएको छ । यसले कवितालाई चित्रात्मक बनाई आकर्षक रूप प्रदान गरेको छ ।

(ई) पाखुरेहरूका पौरखले बिराएका मालिकहरूका यी खेतका
हरी ऽऽऽ या गराहरू,
ताछिएका (चपराले) मौलिक माटो रङ्गीन आलीहरूले
अलग्गै छुट्याएका-
असङ्ख्य रेखाहरू छन् केरमेर :
गोठाला, खेताला, कुतिया, अधियारीहरूका,
भाग्यरेखा मानौँ !
खु
ङ्
कि
लै
खु
ङ्
कि
ला
गराहरू
खेतका ।
(गुमानसिंह चाम्लिङ, साउन लाग्दो मेरो बस्ती)

यस कवितामा वर्णहरूको रखाइक्रममा विचलन गरी लेखिमिक विचलन गरिएको छ । यसमा खुड्किलै खुड्किला भन्ने शब्दलाई भऱ्याङको चित्रमा प्रस्तुत गरिएको छ । यसले नेपाली भाषाको मानक लेखाइमा विचलन ल्याई कविताको भाषालाई चित्रात्मक रूपमा प्रस्तुत गरेको छ ।

(उ) आँखा- कृष्णको आँखा
आँखा- जिसस क्राइस्टको आँखा
आँखा- गौतम बुद्धको आँखा
आँखा- पैगम्बर मोहम्मदको आँखा
ख
ब
र
दा
र !
युद्धका बेला तिमी ती आँखाहरू फोड्न पाउँदैनौ ।

(किशोर पहाडी, म तिमीलाई माया गर्छु)

यस कवितांशमा 'खबरदार' शब्द एउटै डिकमा लेख्नुपर्नेमा ठाडो क्रममा पाँच हरफमा प्रस्तुत गरी लेखिमिक विचलन गरिएको छ । कसैलाई खबरदारी गर्दा उच्चारण गरिने स्वरलाई लामो लेघ्रो तानेर उच्च आवाज निकाल्नु पर्दा यसमा चित्रशैली अपनाइएको देखिन्छ ।

## निष्कर्ष

विचलन भनेको जानाजान बङ्ग्याएको कलात्मक भाषा हो । कविताका सन्दर्भमा विचलन भन्नाले भाषिक सौन्दर्य उत्पादन गर्नका लागि जानाजान गरिएको मानकको उल्लङ्घन हो । भाषिक कला प्रदर्शन नगरी साहित्यिक सौन्दर्य निर्माण हुन नसक्ने हुनाले कवितामा भाषिक विचलनको प्रयोग गरिन्छ । यस्तो विचलन शैलीचिह्नक हुने शैलीविज्ञानको अवधारणा रहेको छ । समसामयिक नेपाली कवितामा गरिएका उपर्युक्त कोशीय विचलन, व्याकरणिक विचलन, वर्ण विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन, लेखिमिक विचलनले कविताको भाषालाई नयाँ र नौलो ढङ्गमा प्रस्तुत गरेको छ । विचलनको सार्थक प्रयोगले कविताको भाषालाई सौन्दर्य प्रदान गर्नुका साथै भावलाई प्रभावकारी बनाएको प्रस्ट देखिन्छ । भाषिक विचलनकै कारण समसामयिक नेपाली कविता आलङ्कारिक, विशिष्ट र अग्रभूमीकृत बनेको उपर्युक्त अध्ययनबाट पुष्टि भएको छ । यस अध्ययनबाट भाषिक विचलनको प्रयोगले समसामयिक नेपाली कविता आलङ्कारिक, वक्रोक्तिमय र प्रभावकारी बनेको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसूची

अधिकारी, दिनेश (२०४९). 'हट् घोडा हट्'. *नेपाली कविता भाग-१.* (तृतीय संस्क). ललितपुर : साझा प्रकाशन ।

एडम्स, हाजार्ड (१९९२). *क्रिटिकल थेओरी सिन्स प्लेटो.* (सम्पा). न्युयोर्क : हार्कोर्ट ब्रेस जोभानोभिक कलेज पब्लिसर्स ।

कटवाल, हरिभक्त (२०५५). 'यो जिन्दगी खै के...' *यो जिन्दगी खै के जिन्दगी.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कलर, जोनाथन (सन् १९७५). स्ट्रक्चरलिस्ट पोइटिक्स स्ट्रक्चरलिज्म, *लिङ्गुइस्टिक्स एन्ड द स्टडी अफ लिटरेचर.* लन्डन : रुटलेज एन्ड केगन पाउल ।

काइँला, वैरागी (२०७६). 'अस्तित्वको दाबीमा सावातको बैला उत्सव'. *वैरागी काइँलाका सङ्कलित कविता.* (तेस्रो संस्क). काठमाडौँ : फिनिक्स बुक्स ।

काइँला, समदर्शी (२०६८). *म अमेजन उकालो बग्छु.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

कार्की, गीता (२०६२). 'मलाई अँध्यारो नै चाहिन्छ'. *मलाई अँध्यारो नै चाहिन्छ.* विराटनगर : वाणी प्रकाशन ।

कुन्तक (सन् १९५५). *वक्रोक्तिजीवित्.* (सम्पा. डा.नगेन्द्र.) दिल्ली : आत्माराम एन्ड सन्स ।

क्षेत्री, दुबसु (२०५५). 'साले दुबसु क्षेत्री'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

गिरी, वानिरा (२०५५). 'पशु गायत्री'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

गुरुङ, तोया (२०५५). 'बादल'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

चाम्लिङ, गुमानसिंह (२०४३). 'साउनलाग्दो मेरो बस्ती'. *गुमानसिंह चाम्लिङका कविता.* काठमाडौँ : साझा प्रकाशन ।

थिङ, जीवन (सन् २०१७). 'पहिलो बिहान त यो होइन'. *सिक्किमका कविता.* काठमाडौँ : छाया प्रकाशन ।

दिवस, तुलसी (२०५०). 'अक्षर', *आजका नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पहाडी, किशोर (२०५५). 'म तिमीलाई माया गर्छु. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भामह, (सन् २००८). *काव्यालङ्कार.* (व्या. रमणकुमार शर्मा). दिल्ली : विद्यानिधि प्रकाशन ।

माङलाक, राज (२०७४). 'अस्तित्वको हिरासत तोडेर वर्तमान'. *लिम्बुनी गाउँ.* काठमाडौँ : शिखा बुक्स ।

राई, प्रगति (२०६६), 'आधा कथा'. *बादी विज्ञप्ति.* हङकङ : सृजनशील साहित्य समाज ।

राई, प्रगति (२०६६). 'जङ्गल'. *बादी विज्ञप्ति.* हङकङ : सृजनशील साहित्य समाज ।

लज, डेभिड (सन् १९८८). *मोडर्न क्रिटिसिज्म एन्ड थेओरी.* लन्डन एन्ड न्युयोर्क : लङम्यान ।

लिच, जी.एन. (सन् १९६९). *अ लिङ्गुइस्टिक गाइड टु इङ्लिस पोइट्री.* लन्डन एन्ड न्युयोर्क : लङम्यान ।

वास्किन, वेड (२०११). *कोर्स इन जनरल लिङ्गुइस्टिक्स.* अनुवाद. न्युयोर्क : कोलम्बिया युनिभर्सिटी प्रेस ।

शर्मा, बेञ्जु (२०५५). 'तिम्रो र मेरो प्रेम'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शाक्य, नरेश (२०५५). 'सपनाहरूले लखेट्दा'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, अविनाश (२०५५). 'पत्ताल'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, विश्वविमोहन (२०५५). 'उज्यालोको प्रतीक्षामा'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुब्बा, उपेन्द्र (२०५९). 'मान्छे'. *डाँडामाथिको घाम, जून र गडतीरका राँकेभूतहरू.* प्रकाशिकाद्वय श्रीमती शान्ति लावती र श्रीमती देउमाया साम्बा ।

सुब्बा, हर्ष (२०५५). 'विजयपुरको चर्चा'. *समकालीन नेपाली कविता.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।